# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.नं. २/०८३

## सुकुम्बासी समस्या सम्बन्धमा

नेपाल सरकारले हालैका दिनमा काठमाडौँका नदी किनारमा रहेका अव्यवस्थित बस्ती व्यवस्थापनको लागि भनी तीन दिन मात्र समय दिएर मिति २०८३/०१/१२ गते देखि हठात बस्ती हटाउने कार्य, त्यसको प्रक्रिया र त्यसबाट उत्पन्न मानव अधिकार उलंघनका घटना प्रति यो संगठनको गम्भीर ध्यान आकर्षित भएको छ ।

नेपालको संविधानले हरेक नेपालीको आवासको अधिकारको ग्यारेन्टी गर्नुका साथै मानवता, मानवीयता र मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय अन्तराष्ट्रिय कानुनहरुले समेत हरेक व्यक्तिको जीवनको अधिकार आत्मसम्मानको अधिकार र आवासको हक लगायत मौलिक मानव अधिकारहरुको उचित संरक्षण राज्य द्वारा गरिनुपर्ने अनिवार्य सर्तको स्मरण गराउँदै । खोला किनारमा अव्यवस्थित रुपमा बसोबास गरि आएका वास्तविक विपन्न परिवारहरूको आवासको उचित प्रबन्ध गर्नुका साथै वस्ती स्थान्तरण गर्दा वस्तीका सम्पूर्ण बासिन्दाहरु उपर पुर्याउनु पर्ने न्युनतम मानवीयता तथा कानुनी कार्यविधि पालना गर्नुपर्नेमा सरकारबाट हतारमा सूचना जारी गर्दै व्यक्तिहरूले आफ्नो जिउधनको संरक्षण समेत गर्न नपाएको तथा सार्वजनिक विद्यालय र धार्मिक स्थलहरु समेत उजाडिनुका साथै सुरक्षाको नाममा नेपाली सेनाको समेत उपस्थिति देखाई निरिह नागरिकलाई मनोवैज्ञानिक त्रास सृजना गरेको र आफ्नो व्यवस्थापन गर्न नसक्ने वास्तविक विपन्न, रोगी, अशक्तहरुलाई सरकारको भनाइ जस्तो मानवोचित प्रबन्ध नभएको भन्ने पीडितहरूको व्यापक गुनासो आउनुका साथै कतिपय जग्गाधनि पुर्जा भएका व्यक्तिहरुको घर भत्किएको भन्ने समेतको भनाइहरु र कार्यले लोकतान्त्रिक व्यवस्थामा सरकारले नागरिक हक, नागरिक सम्मान र नागरिकको सुरक्षा गर्नुपर्नेमा उल्टै सरकारबाट उलंघन हुन गएको देखिन्छ ।

अत: भूमिहीन, विपन्न र असक्त परिवारको उचित प्रबन्धमा तत्काल कुनै कसर नराख्न तथा बस्तीबाट विस्थापन गरिएका परिवारलाई आवासको उचित प्रबन्ध र मानवीय व्यवहार गर्न तथा तत्काललाई खाना, आवास, बालबालिकाको शिक्षाको व्यवस्था, औषधि उपचारको उचित प्रबन्ध समेत सम्बन्धित सरोकारवालाहरुबाट तत्काल ध्यान पुऱ्याई दिर्घकालिन रुपमा आवासको समस्याको समाधान गर्न हार्दिक अपिल गर्दछ ।

मिति: २०८३/०१/१४

इन्द्र प्रसाद अर्याल
अध्यक्ष